नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep # ४

११ असार २०७७

# दैनिक विपद् बुलेटिन

१० असार बिहान १०:०० बजे देखि ११ असार बिहान १०:०० बजे सम्म

नेपालमा मनसुनसँगै विपदका घट्नाहरु बढ्ने क्रम जारी छ । आज विहान सप्तरी र मकवानपुरका विभिन्न स्थानहरुमा परेको चट्याङ्गबाट ७ जनाको मृत्यु हुनाका साथै ४ जना घाइते भएका छन् । सप्तरी, दाङ र डोटी जिल्लामा सर्पदंशका घटना भएका छन् । यसैगरी देशका विभिन्न स्थानमा गएको पहिरोका कारण सडक अवरोध भएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ७ | ० | १७ | ६ | ३७५००० | ६ | ० |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का १७ वटा घट्नाहरु भएका छन् । **सप्तरी** जिल्लाको डाकनेश्वरी न.पा. वडा नं:-९ लछनपटिका १ जना, राजगढ गा.पा.४ बेल्हीचपेनाका १ जना र महादेवा गा.पा.२ का २ जना गरी जम्मा ४ जना र मकवानपुरको बकैया गा.पा. २ मा २ जना गरी जम्मा **चट्याङ्गमा** परी ६ जनाको **मृत्यु** भएको छ । यसैगरि राजगढ गा.पा.४ बेल्हीचपेनाका १ जना **चटयाङ** लागि घाईते भएको छ ।
- **सप्तरी, दाङ र डोटी** जिल्लाका विभिन्न स्थानमा ३ वटा शर्पदंसका घट्ना घटेका छन् । **शर्पदंस**बाट **सप्तरी** जिल्लाको १ जना बालक घाईते भई उपचारको लागि राजविराजतर्फ लैजादै गर्दा बाटोमा नै **मृत्यु** भएको छ ।
- **उदयपुर, संखुवासभा, लमजुङ, म्याग्दी र दैलेख, प्यूठान, सिन्धुली** जिल्लामा **पहिरो** गएको छ ।
- **सर्लाही जिल्लाको** लालबन्दी न.पा.- १७ रानीगंजमा घर अगाडी बसिराखेको अवस्थामा १ जना व्यक्तिलाई जंगली जनावार **हरिणले** आक्रमण गरी घाईते बनाएको छ ।
- **संखुवासभा**को खाँदबारी न.पा.- ७ मा गएको **पहिरो**ले एउटा घरमा आंशिक क्षति गर्दा अनुमानित रु. ५०,०००/- रुपैयाँ बराबरको क्षति भएको छ ।
- **बर्दिया** जिल्लाको राजापुर न.पा.- १० मझेराको एकघरमा **जङ्गली हात्ती** आई घर आशिक क्षति गरी अन्नपात नष्ट गरेको छ । जसबाट अनुमानित रु. २५,०००/- रुपैयाँ बराबरको क्षति भएको छ ।










थप जानकारीको लागिः
https://bipad.gov.np/incidents

## सडक अबरोध

- **उदयपुर** जिल्लाको कटारी न.पा.- ८ बेतिनीस्थित **सिद्धीचरण राजमार्ग**मा अबिरल बर्षाको कारण माथीबाट **पहिरो** आई **बाटो पूर्णरुपमा अबरोध** भएको छ ।
- **दैलेख** जिल्लाको दुल्लु न.पा.-३ स्यालास्थित **कर्णाली राजमार्गमा** माथिबाट पहिरो आई बाटो अबरोध भएको छ ।
- **प्यूठान**को सरुमारानी गा.पा. -४ खहरेखोलास्थित **भालुवाङ-प्यूठान सडकखण्ड**को बाटो अबरोध भएको छ ।
- **सिन्धुली**को कमलामाई न.पा.- १ खारखोला पुल नजिकै सदरमुकामबाट कपिलाकोट जाने भित्री सडक खण्ड अबरोध भएको छ ।
- **नुवाकोट** ककनी गा.पा.- २ लस्का स्थित पासाङ ल्यामु सडक खण्ड अबरोध भएको छ ।
- **मकवानपुर**को भिमफेदी गा.पा.- ६ गढीसाउने खोल्सी स्थित हेटौडा कुलेखानी काठमाण्डौ सडक खण्ड अबरोध भएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोली शर्पदंश तथा चट्याङ्गबाट घाइते भएका बालकको उपचारमा खटिनुका साथै पहिरो गई सडक अवरोध भएका स्थानहरुमा स्थानीय व्यक्ति सहितको पहलमा पहिरो पन्छाउने कार्य भईरहेको छ ।

## पूर्वानुमान

असार ११ (विहिबार)

- कोशी, नारायणी,कणाली,महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्ने, सबै नदीहरुमा पानी तर्कता तहभन्दा तल नै हुने । कोशी र कर्णालीको केहि साना सहायक नदीमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने ।
- कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतका नदीहरुमा बहाब बढ्ने, सबै नदीहरुमा पानी सतर्कता तहभन्दा तल नै हुने । तर कन्काई, बागमती, पश्चिम राप्ती र बबईका केही सहायक नदीमा तुलनात्मक रूपमा बढ्ने र केहिमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने।
- ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, प्रदेश २ का सबै जिल्ला उदयपुर, सिन्धुली, ओखलढुङ्गा, रामेछाप, दोलखा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक नुवाकोट, काठमाण्डौ उपत्यका, मकवानपुर, चितवन, नवलपरासी, रूपन्देही,दाङ, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान, दैलेख, जाजरकोट, रूकुम, सुखेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा र आसपास जिल्ला भई बहने स-साना खोलाहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने सम्भावना रहेको छ ।

थप जानकारीका लागिः https://bit.ly/2YYQOQV

## अनुसूची-१

**१) विपद्का घट्नावाट भएको संक्षिप्त क्षति विवरण**

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षती | | गोठ क्षती | पशु चौपाया क्षती | अनुमानित क्षती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २०७७-०३-१० देखी २०७७-०३-११ सम्म | चटयाङ्ग, सर्पदंश, बाढी, पहिरो | १७ | ७ | ० | ६ | ११ | २ | ० | ० | ० | ३५०००० |

**२) जिल्ला अनुसारको क्षतीको विवरण**

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु * | | | | वेपत्ता * | घाईते * | | | प्रभावित परिवार | घर क्षती | | गोठ क्षती | पशु चौपाया क्षती | अनुमानित क्षती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पहिचान नभएको | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| १ | संखुवासभा | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ५०००० |
| २ | उदयपुर | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | झापा | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | १ | ० | ० | ० | ३००००० |
| ४ | सप्तरी | ४ | ४ | १ | ० | ५ | ० | ० | १ | १ | ६ | ० | ० | ० | ० | ० |
| ५ | सिन्धुली | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | नुवाकोट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | मकवानपुर | २ | ० | २ | ० | २ | ० | १ | १ | २ | १ | ० | ० | ० | ० | ० |
| ८ | लमजुङ्ग | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | म्याग्दी | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | प्युठान | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | दाङ्ग | १ | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ० | ० | ० | ० | ० |
| १२ | दैलेख | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | डोटी | १ | ० | ० | ० | ० | ० | १ | ० | १ | १ | ० | ० | ० | ० | ० |

*** मृत्यु, वेपत्ता तथा घाईतेको विवरण स्रोत नेपाल प्रहरी**

**# नवलपरासी र रुकुमको हकमा २०७४-०७-०९ भन्दा अगाडीको विवरणमा पुरानो संरचना तथा नयां दुबै रहने**